कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

पत्र संङ्ख्या : ०७७/०७८
चलानी नं. : ८८६

मिति : २०७८/०३/०१

**विषय : २०७८ को शैक्षिक सत्रमा विद्यार्थी भर्ना र पठनपाठन सञ्चालन सम्बन्धमा निर्देशन।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
कोहलपुर नगरपालिका, बाँके।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकामा मिति २०७८/०२/३१ गते बसेको नगर शिक्षा समितिको बैठकले २०७८ को शैक्षिक सत्रमा विद्यार्थी भर्ना, पठनपाठन सञ्चालन र अन्य विषयसम्बन्धमा देहायबमोजिमका निर्णयहरु पारित गरेको हुँदा सोहीअनुसार गर्नुगराउनु हुन अनुरोध छ।

१. वार्षिक नतिजा प्रकाशन भएपछि पर्याप्त दूरी कायम गरी स्वास्थ्य सुरक्षाको प्रबन्ध मिलाएर मात्र विद्यार्थीहरुको प्रगति प्रतिवेदन वितरण गर्ने।

२. अर्को विद्यालयबाट स्थानान्तर भई आउने विद्यार्थीको ग्रेड सिट, स्थानान्तरण प्रमाण पत्र र शुल्क भुक्तानी तथा फरफारक गरेको लिखित प्रमाण एकिन गरेर मात्र भर्ना लिने र अभिलेख कायम गर्ने।

३. आगामी असार महिनाको १ गतेदेखि शैक्षिक सत्र शुरु गरी विद्यालयले अनलाइन/ अफलाइन विधिबाट विद्यार्थी भर्ना/अभिलेखीकरण कार्यहरु गर्ने। विद्यार्थी भर्ना/अभिलेखीकरण कार्य असार १५ गतेसम्ममा सम्पन्न गर्ने। भर्ना/अभिलेखीकरण कार्य गर्दा विद्यालयमा अभिभावक वा विद्यार्थी उपस्थित हुनै पर्ने भएमा पर्याप्त दूरी कायम हुने र स्वास्थ्य सुरक्षाको प्रबन्ध हुने व्यवस्था मिलाउने।

४. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम विद्यार्थी पहिचान तथा वर्गीकरण गर्ने। वैकल्पिक विधि (जस्तै: अनलाइन/अफलाइन/ टेलिफोन/ रेडियो/ टेलिभिजन / स्वाध्ययन/ मेसेज बक्स/ मोबाइल एप्स) हरुको प्रयोगबाट सिकाइ सहजीकरणलाई निरन्तरता प्रदान गर्ने व्यवस्था मिलाउने। आवधिक तथा आन्तरिक मूल्याङ्कन (assessment) कार्यहरु जारी राख्ने। नेपाल सरकारबाट अनुमति जारी नभएसम्म विद्यालयमा भौतिक कक्षा सञ्चालन नगर्ने।

५. आवश्यक सुरक्षा प्रबन्ध मिलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने। नि:शुल्क पाठ्यपुस्तक वितरण गर्दा आफ्नो विद्यालयबाट कक्षोन्नति गरिएका बालबालिकाहरुलाई पहिलो प्राथमिकता दिने। सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले गत शैक्षिक सत्रमा कक्षा १ लागू भएको र आगामी २०७८ सालको शैक्षिक सत्रदेखि लागू हुने कक्षा २, ३, ६ र १२ को नयाँ पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक अध्यापन गर्ने, गराउने।

६. सबै शिक्षकहरुले मूलधारको प्रत्यक्ष तथा वैकल्पिक दुवै विधिबाट सिकाइ सहजीकरण गर्ने मिश्रित सिकाइ (blended learning) तरिका को एकीकृत योजना तयार गर्ने र विद्यालयमा पेस गर्ने।

७. मिति २०७८ साउन महिनाको पहिलो हप्तासम्ममा सबै सामुदायिक तथा संस्थागत विद्यालयले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यार्थीहरुको विवरण र नतिजा अद्यावधिक गर्ने।

८. कक्षा सञ्चालन गर्ने अनुमति नभएको कक्षामा विद्यार्थी भर्ना नगर्ने। अनुमति नभएको कक्षामा भर्ना गरेको पाइएमा नियमानुसार कार्यवाही गरिनेछ।

९. कोहलपुर नगरपालिकामा अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयन गर्ने सन्दर्भमा आधारभूत तहका सबै कक्षाहरुको पठनपाठन तथा विद्यालय सञ्चालन खर्च नगर अनुदानबाट व्यवस्थापन गरिएको हुँदा कोहलपुर नगरपालिका क्षेत्रमा सञ्चालित सबै सामुदायिक विद्यालयका आधारभूत तह (बालविकास र कक्षा १-८) मा सञ्चालन हुने नेपाली तथा अङ्ग्रेजी भाषा माध्यमका कक्षाहरु पूर्ण नि:शुल्क रुपमा सञ्चालन गर्ने र अङ्ग्रेजी भाषा माध्यमको छुट्टै कक्षाका नाममा कुनै पनि शुल्क नउठाउने।

बोधार्थ:

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, नेपालगन्ज, बाँके।

२. श्री नगरकार्यपालिकाको कार्यालय, कोहलपुर नगरपालिका, बाँके।

शिक्षा शाखा प्रमुख